# पाठ - 4

الدرس الرابع - نيبالي

## इस्लाम धर्ममा इबादत र उपासना

العبادة في الإسلام

अल्लाहले त्यही उपासनालाई स्वीकार गर्छन् जुन उपासना मात्र उनीकैलागी गरिन्छ र त्यो सबै सत्कर्म रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको अनुमोदन र उहाँले बताएको विधि र शैली अनुसार हुन्छ, जसतै सलात, (नमाज) यो यस्तो उपासना हो जो मात्र अल्लाहको लागी गरिन्छ र यो तब नै स्वीकार्य हुनेछ जब रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले बताए अनुसार सबै कार्यहरु गरिन्छ यसको केहि कारणहरु छन्

(१) अल्लाहले भवदीय र निष्ठापुर्वक रुपले मात्र आफ्नो उपासनाको आदेश दिनु भएको छ त्यसको साथमा अरु कसैको पूजा यदी कसैले गर्छ भने यो शिर्क भइहाल्छ जो सबै भन्दा महान पाप हो, अल्लाह तआलाले भन्नु भएको छ, अर्थात, "तिमीहरु एउटै अल्लाहको उपासना गर त्यसको साथमा अरु कसैलाई सहभागी र साझेदार न बनाउ" (अन्निसा. ३६)

(२) सबै संसारको सृष्टिकर्ता र पालनकर्ता अल्लाहले कानुन र नियम अनुसार आफु लाई इबादतको लागी खास गर्नु भएको छ यदि कुनै मान्छेले अल्लाहले निर्धारित गरेको कानुन बाहेक अर्कै विधी र शैली अनुसार उपासना र पूजापाठ गर्छ भने त्यसको अर्थ यो हुन्छ कि त्यसले अल्लाहको कानुन र नियममा अर्कोलाई सहभागी बनाइरहेको छ।

(३) अल्लाहले हामीहरुको लागि शरियत र धर्मलाई पूर्ण गरिदिनु भएको छ अब यदि कुनै मान्छेले आफ्नो तर्फ बाट यस धर्ममा कुनै इबादत वा कियाकलाप गर्छ भने त्यो स्वीकार्य हुदैन र त्यो व्यक्ति धर्ममा अभाव र कमी बुझ्नुको आरोपी भइहाल्छ।

(४) यदि मानिसहरुलाई आफ्नो इच्छा अनुसार उपासना अराधना र भक्ति गर्न जायज हुन्थ्यो भने इबादतमा प्रत्येक व्यक्तिको आफ्नो खास बाटो र खास मार्ग भइहाल्थ्यो किनभने कि मान्छेहरुको चाहना र इच्छा कहिल्यै पनि एक हुदैन्

**इस्लामका स्तम्भहरु :** अल्लाह तआलाले रोजेको धर्म इस्लामका पाँच वटा आधारहरु छन्

(१) एकेश्वरवाद र ईश्दूतको गवाही दिनु (२) सलात (नमाज) पढ्नु (३) जकात (दान) दिनु (४) रमजान महीनाको ब्रत बस्नु (५) अल्लाहको पवित्र घर काबाको हज्ज गर्नु

**इस्लाम धर्मले हामीहरु संग के चाहन्छ ?** इस्लाम धर्मले कहिल्यै पनि मुस्लिमहरु लाई यो आदेश दिएको छैन कि समाजिक जीवनलाई सम्पूर्ण तरिकाले त्याग गर, त्यससित कुनै प्रकारको वास्ता नराख, र यो पनि आदेश दिएको छैन कि संधै मस्जिदमा नै बस्ने गर र गुफाहरुमा गएर आफ्नो जीवनलाई सिमित गरिहाल, बरु इस्लामले यो आदेश दिएको छ कि सांसकृतिमा, धन् सम्पत्तिमा र ज्ञान तथा शिक्षामा सबभन्दा महान र ठुलो स्थान प्राप्त गर, खेलकुद र खानपान जस्तो शारिरिक हक पुरा गर, हराम कार्यहरु बाहेक अन्य हरेक तरिकाले आत्मा र मन्को मनोरन्जन गर, परिवारसंग राम्रो व्यवहार गर, छोरा छोरीलाई शिक्षा प्रदान गर, समाजको हित र बिकासको लागि काम गर, र आफ्नो अल्लाहलाई राम्रो संग पहिचान गरी उहाँकै पूजा र भक्ति गर।

**मुस्लिम भए पछि गरेको सबै पापहरु समाप्त भईहाल्छन :** अल्लाहले आफ्नो दया र कृपाले इस्लाममा यो विशेष गुण राख्नु भएको छ कि यदि कुनै व्यक्तिले इस्लाम स्वीकार गर्छ भने उसको पहिला गरेको सम्पूर्ण पापहरु माफ भइहाल्छन, नास्तिक भएर उसले जे पनि पाप र अपराध गरेको थियो अल्लाहले ती सबैलाई क्षमा गरेर मान्छेलाई पवित्र र शुद्ध बनाइदिनु हुन्छ।

क्षमा याचनाको ढोका इस्लाममा संधै खुलेको हुन्छ र मनुष्यलाई संधै यसको खाँचो हुन्छ किनभने मनुष्य हो भने पाप पनि अवश्य हुन्छ तर सबभन्दा महान व्यक्ति त्यो हो जुन् अल्लाहको समक्ष आफ्नो गलतीलाई स्वीका गरेर क्षमा याचना गर्छ, अल्लाह तआलाले भन्नु भयो: "मेरो तर्फबाट भनि दिनुस् कि हे मेरो भक्तहरु ! जसले आफुमाथि अतिकमण गरेका छन्, तिमी अल्लाहको दयाबाट निराश नहोऊ, नि:सन्देह अल्लाहले सारा पापहरुलाई क्षमा गरिदिनु हुन्छ, निश्चय नै ऊ बडो क्षमाशील र अत्यन्त दयावान छन्" (अज्जुमुर, ५३)

**इस्लाम धर्ममा कसरी प्रवेश गर्ने ?** अब तपाईलाई इस्लामको महान्ता र प्रधान्ताको बिषयमा ज्ञान भइसकेको छ र यो पनि थाहा भइसकेको छ कि अल्लाह समक्ष मात्र यहि मुक्तिको बाटो हो र यसलाई स्वीकार गर्नु हरेक व्यक्तिको कर्तव्य हो र प्रलोकमा नर्कबाट मुक्ति प्राप्त गरेर स्वर्गमा प्रवेश गर्नुको यहि एउटा मात्र बाटो हो भने तपाईले अवश्य यसमा प्रवेश गर्नुको तरिका सोध्नु हुन्छ, तपाईको प्रश्नको उत्तर यो हो कि इस्लाममा प्रवेश गर्नको लागि मात्र यति नै प्रयाप्त हुन्छ कि:

यस बिषय सम्बन्धित किताबहरु इस्लामी कार्यालय र पुस्तकालयहरुमा प्रयाप्त मात्रामा पाइन्छ।